भगवतीमाईगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

## सेवा करारमा स्वास्थ्यकर्मी भर्ना गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति : २०७८/०५/१८)

यस गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था तथा कोभिड-१९ अस्थायी अस्पतालको लागि आवश्यक देहाय वमोजिम पद र तहका स्वास्थ्यकर्मीको आवश्यकता परेको हुँदा सेवा करार लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि दरखास्त आह्वान गरिएको छ। दरखास्त फाराम, कार्यालयबाट वा वेवसाइट www.bhagawatimaimun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन न | पद/तह | माग पद संख्या | शैक्षिक योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|
| ०१/०७८/०७९ | फार्मेसी/पाँचौ | १ (एक) | १. मान्यता प्राप्त शिक्षण सस्थावाट प्रविणता प्रमाणपत्र तहमा फार्मेसी विषय अध्ययन गरी उर्तिण गरेको । | १. नेपाल सरकारको प्रचलित तलब स्केल । |
| ०२/०७८/०७९ | अ.हे.व./सहायक चौथो | २ (दुई) | १. मान्यता प्राप्त शिक्षण सस्थावाट सि.एम.ए. विषय उत्तीर्ण गरेको । | १. नेपाल सरकारको प्रचलित तलब स्केल । |

**आवश्यक न्युनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण सस्थावाट सम्बन्धित पदको लागि आवश्यक न्युनतम शैक्षिक उपाधि प्राप्त गरि सम्बन्धित काउन्सिल दर्ता प्रमाण पत्र प्राप्त।

**दरखास्त दिने स्थानः** भगवतिमाई गाउँकार्यपालिकाको कार्यालय ।

**दरखास्त दस्तुर :** पाँचौ तहको लागि रु. ४००। र चौथो तहको लागि रु. ३००।

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समयभित्र र दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन ।

**छनौटको किसिम :** सेवा करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७७ बमोजिम खुला प्रतिस्पर्धाको आधारमा कर्मचारी छनोट गरिनेछ । लिखित परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगद्धारा सम्वन्धित तहको लागि निर्धारित पाठ्यक्रम हुनेछ ।

**द्रष्टव्यः**

१. दरखास्तका साथ शैक्षिक योग्यताको प्रमाण पत्रहरु क. लब्धाङ्क पत्र ख. चारित्रिक प्रमाणपत्र ग. नेपाली नागरिकताको प्रमाणपत्र घ. सम्बन्धित काउन्सिलबाट प्राप्त प्रमाण पत्र उम्मेदवार स्वयमले प्रमाणित गरि पेश गर्नुपर्नेछ।

२. दरखास्त दिने अन्तिम मिति सम्म स्वास्थ्य सेवा, समुह सम्बन्धि ऐन नियम अनुसार उमेरको हद ननाघेको हुनुपर्नेछ।

३. नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

थप जानकारीको लागि मो. नं. ९८५८०२०७९९/९८५८०२०८९९

प्रमुख प्रशासकीय अधिकृत